Volume 01, Issue 01, 2023. PP. 83-88
https://doi.org/10.62078/grks.2023.v01i01.010
Review Article

GS WOW
Wisdom of Worthy Research Journal

# वेदकालीन सामाजिक व्यवस्थाको अध्ययन

**परमेश्वर पौडेल**
त्रिभुवन विश्वविद्यालय

**ARTICLE INFO**

***Corresponding Author***
Parmeshwar Poudel

***Email***
*poudelsunil199@gmail.com*

***Article History***
*Received: 02 November 2023*
*Accepted: 09 December 2023*

***Orcid***
*https://orcid.org/0009-0006-4853-9525*

***Cite***
Poudel, P. (2023). वेदकालीन सामाजिक व्यवस्थाको अध्ययन. *GS WoW: Wisdom of Worthy Research Journal.* 1(1), 83-88.
https://doi.org/10.5281/zenodo.10440950

**लेखसार (ABSTRACT)**

पूर्वीय आर्य सभ्यताको आधार दर्शन वेद हो । वेदलाई विश्वको प्राचीन एवम् प्रथम वाङ्मय भनी चिनिन्छ । पद्यात्मक मन्त्र ऋक्, गद्यात्मक मन्त्र यजुष् र गेयात्मक मन्त्र सामको सङ्ग्रह गरिएका संहिताग्रन्थ र तिनका व्याख्यानभूत ब्राह्मण ग्रन्थहरूको बृहत् सङ्ग्रह वेद हो । वेदलाई पूर्वीय सभ्यताको आत्मा समेत भनेर पनि चिनिन्छ । लौकिक र अलौकिक ज्ञान प्राप्तिको साधन पनि वेद हो । वैदिक चिन्तनको प्रारम्भिक चरणमा ऋग्वेद, यजुर्वेद र सामवेदलाई वेदका प्रकारको रूपमा अथ्याईन्थ्यो तर पछि अथर्ववेद समेत गरी वेदका प्रकार चार मानिन्छन् । विशेषत वेदलाई मन्त्र र ब्राह्मण गरी दुई भागमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ । मन्त्र भनेका ऋषिमुनिहरूले गर्ने दैनिक चिन्तनमिश्रित पवित्र वाक्य हुन् भने ब्रमको बारेमा वर्णन गरिएका ग्रन्थ ब्राह्मण हुन् । शिक्षा, कल्प, निरुक्त, व्याकरण, ज्योतिष र छन्दलाई वेदाङ्ग भनिन्छ । पूर्वीय आर्य समाज सञ्चालनको आधार स्रोत वेद नै हो । वेदमा उल्लेखित व्यवस्था प्रत्यक्ष परोक्ष प्रभाव सामाजिक जीवनका फरक फरक पाटामा परेको देख्न सकिन्छ । वैदिक समाजमा वेदका उल्लेखित विचारकै आधारमा सामाजिक मूल्य मान्यता स्थापित भएको पाइन्छ । बाबुआमा, गुरूप्रति आदर भाव व्यक्त गर्नु, सानाप्रति ममताको दृष्टि राख्नु, अग्रजले दिएको आदेशलाई हुबहु पालना गर्नु, प्रयोग व्यवहारमा प्रचलित अनुशासन, नैतिकता, मर्यादाको पालना गर्नु, अवलम्बित संस्कार उलङ्घन भएमा अक्षम्य मान्नु, सामाजिक जीवनको रक्षक ईश्वर भएको ठान्नु र धार्मिक मान्यतालाई कानुनी रूप दिएर पाप पुण्यका आधारमा दोषी करार गर्नु जस्ता मान्यताको जगमा सामाजिक व्यवस्था अडेको देखिन्छ । कृषि, पशुपालन मुख्य अर्थोपार्जनका आधार थिए । अन्न र पशुहरूको बेचबिखन नै व्यापार थियो । आधुनिक खेती प्रणालीको गुन्जायस पाइदैनथ्यो । निर्वाहमुखी आर्थिक व्यवस्था रहेको थियो । परम्परागत हिन्दु सनातन प्रमुख धर्मको पालना गरिन्थ्यो । गुरु शिष्य परम्परामा आधारित शैक्षिक व्यवस्था रहेको पाइन्छ । गुरुको आश्रममा गई निर्देश गरेअनुसार दीक्षित हुने व्यवस्था थियो ।

**शब्दकुञ्जी:** वेद, सभ्यता, ब्रह्म, मन्त्र, आध्यात्मिक

## विषय प्रवेश

वेद हिन्दू धर्मशास्त्रको महान् ग्रन्थ हो । पूर्वीय आर्य सभ्यताको आधार दर्शन नै वेद हो । वेदलाई विश्वको सबैभन्दा पुरानो एवम् प्रथम वाङ्गमयसमेत भनेर चिनिन्छ । वेदको शाब्दिक अर्थ ज्ञान हो भने दार्शनिक अर्थ अपौरुषेय ज्ञानप्रद अकृत्रिम शब्दराशी हो तसर्थ न पौरुषेयः अपौरुषेया वेदाः अपौरुषेयं वेदः भनिएको छ । स्वरूपगत आधारमा वेद भनेको पद्यात्मक मन्त्र ऋक् गद्यात्मक मन्त्र यजुष् र गेयात्मक मन्त्र सामको सङ्ग्रह गरिएका संहिताग्रन्थ र तिनको व्याख्यानभूत ब्राह्मण ग्रन्थहरूको विशाल सङ्ग्रह हो (रेग्मी, २०७३) । लौकिक र अलौकिक ज्ञानको साधन पनि वेद हो । वेदोऽखिलो धर्ममूलम् (मनु, २:१३) भन्दै सबै धर्मको सारको रूपमा पनि वेदलाई चिनाइएको छ । **नियतानुपूर्व्या नियतवाचो मुक्तयः** भन्दै निरुक्तकारले

CC BY NC


*Copyright (c) 2023: Author(s). Published by Gaurishankar Campus*

शास्त्रमा शब्दलाई नित्य र नित्यलाई वेदको रूपमा वर्णन गरिएको छ। परा, पश्यन्ति, मध्यमा र बैखरी गरी वाणीका चार प्रकार मानिन्छन् । त्यसमा पनि परालाई वेदको सूक्ष्म ज्ञान, पश्यन्तिलाई स्थूल ज्ञान र जनमानसको बोलीको स्वरूप वैखरी वाक् भनी वाणीका अर्थका रूपमा समेत वेदलाई अर्थ्याइएको पाइन्छ । ब्राह्मण, उपनिषद, ग्रन्थमा समेत वेदका प्रत्येक मन्त्र, शब्द र अक्षर अद्भूत सामर्थ्यले भरिएका छन् भन्दै हरेक क्षेत्रको ज्ञानको आदि स्रोत वेद शब्दमय हुनाले पनि ज्ञान, विज्ञान, चेतना, दर्शन, मानव सभ्यता र चिन्तनको आधारभूमि वेद हो भनी सारतः बुझ्न सकिन्छ।

वैदिक चिन्तनको प्रारम्भिक चरणमा ऋग्वेद, यजुर्वेद र सामवेद गरी वेदको प्रकार विभाजन गरिए पनि पछि अथर्ववेद समेत गरी जम्मा चार प्रकार मानिन्छन्। वैदिक यज्ञमा 'होता' नामक ऋत्विक्ले पढ्ने मन्त्रहरूको सङ्ग्रह ऋग्वेद हो (रेग्मी, २०७९)। ऋग्देवलाई पहिलो वेद मानिन्छ। यसमा १०,६०० मन्त्र र १०२८ सूक्तहरू रहेका छन्। यिनै मन्त्र र सुक्तलाई दश मण्डलमा विभाजन गरिएको छ। यस वेदका शाकल्य, वास्कल, अश्वलायन, शंखायन र मडूकायन गरी पाँच शाखा छन् । ऋग्वेदका ऋचाहरूमा देवताको प्रार्थना, स्तुति र देवलोकमा उनीहरूको अवस्थाको वर्णन गरिएको छ। त्यस्तै 'अर्ध्वयु' नामक ऋत्विक्ले पढ्ने यजुर्मन्त्रहरूको सङ्ग्रह यजुर्वेद हो (रेग्मी, २०७३) । यजुर्वेदमा यज्ञयज्ञादि एवम् हवन गर्ने सबै विधि र मन्त्रहरू उल्लेख गरिएको पाइन्छ। यस वेदका कृष्ण र शुक्ल गरी दुई शाखा रहेका छन् भने चालिसौँ अध्यायमा यो वेद संरचित छ। सामवेद वेदको तेस्रो प्रकार हो। यो ब्रह्मयामलबाट उत्पादन भएको मानिन्छ । 'उद्गाता' नामक ऋत्विक्ले पढ्ने साम मन्त्रहरूको सङ्ग्रह नै सामवेद हो (रेग्मी, २०७३) । ध्यान, शान्ति र सङ्गीतको संगम भनेर पनि सामवेदलाई चिनिन्छ। यसका अधिकांश मन्त्रहरू ऋग्वेदमा पाइने भए पनि केही मन्त्र थपिएका छन् । पूर्वार्चिक र उत्तरार्चिक गरी सामवेद दुई भागमा विभाजन गरिएको छ भने कौमुमीय, राणमणीय र जैमिनीय गरी सामवेदका तीन शाखा रहेको मानिन्छ। त्यस्तै वेदको अन्तिम प्रकार हो आथर्ववेद । 'ब्रह्मा' नामक ऋत्विक्सँग सम्बन्धित शान्तिक, पौष्टिक, एवम् आध्यात्मिक मन्त्रहरूको सङ्ग्रह अथर्ववेद हो (रेग्मी, २०७३) । यस वेदलाई कान्छो वेद समेत भनेर चिनिन्छ। अथर्ववेदमा कुल २० काण्ड, ७३० सुक्त ५९८७ मन्त्र रहेका छन् । यसमा ब्रह्मज्ञान औषधीको प्रयोग, रोग निवारण तन्त्र विद्या, टुनामुना आदिबारे बृहत्तर ढङ्गले उल्लेख गरिएको पाइन्छ।

सामान्यतयाः वेदलाई मन्त्र र ब्राह्मण गरी दुई भागमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ । ऋषिमुनिहरूले व्यवहारका सिलसिलामा गरिने चिन्तन मननमिश्रित पवित्र वाक्य नै मन्त्र हुन् भने ब्रह्मको बारेमा उपसना गरी तयार गरिएका ग्रन्थ ब्राह्मण हुन्। शिक्षा, कल्प, निरुक्त, व्याकरण, ज्योतिष र छन्दलाई वेदका अङ्ग मानिन्छ। त्यसैले पनि वेद ऋषि प्रणीत ज्ञान सागर हो भन्न सकिन्छ। वेदमा सम्पूर्ण चराचर जीवन र जगत्सम्बन्धी निपूर्ण चिन्तन परम्परा अन्तर्निहित रहेकाले अनन्त ज्ञानराशी वेद हो भन्न सकिन्छ। पूर्वीय आर्य समाज सञ्चालनको जीवनधारको आदि स्रोत वेद भएकाले पनि वैदिक समाजका हर पक्षमा वेदको गहिरो प्रभाव परेको देख्न र भेट्न सकिन्छ। वेदकालीन सामाजिक व्यवस्थाका आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, राजनैतिक, शैक्षिक, धार्मिक, वर्गीय पेशागत जीवन र चिन्तन परम्परा के कस्तो छ ? भनी खोजी गर्नुमा नै यो आलेख केन्द्रित रहनेछ। तत्कालीन सामाजिक व्यवस्थाका फरक फरक पाटामा आधारित भई अध्ययन विश्लेषण गरिनेछ।

## समस्या कथन

वेदकालीन सामाजिक व्यवस्थाको अध्ययन नै मुख्य समस्या हो । तत्कालीन समाजका व्यवस्थाका पाटाहरू के कस्ता थिए ? वेदको प्रभाव कस्तो थियो ? आदि यस अनुसन्धानको समस्या हो । समस्यालाई निम्नानुसार हेर्न सकिन्छ :

क) वेदनकालीन समाजमा कस्ता सामाजिक, सांस्कृतिक व्यवस्था थिए ?

ख) आर्थिक व्यवस्था कसरी सञ्चालित थियो ?

ग) राजनैतिक शैक्षिक, धार्मिक व्यवस्था के कस्ता थिए?

## अध्ययनको उद्देश्य

समस्याकथनमा उठाइएका प्रश्नको सम्भावित उत्तरको खोजी गर्नु नै यस अध्ययनको उद्देश्य हो। वेदकालीन सामाजिक व्यवस्थाका पाटाहरू के कस्ता थिए ? के कस्तो व्यवस्था रहेको थियो भनी अध्ययन गरी निष्कर्षमा पुग्नु नै यस अध्ययनको उद्देश्य हो । अध्ययनको उद्देश्यलाई थप रूपमा यसरी हेर्न सकिन्छ :

क) वेदकालीन समाजको सामाजिक, सांस्कृतिक व्यवस्थाको अध्ययन गर्नु,

ख) वेदकालीन समाजको आर्थिक व्यवस्थाको खोजी गर्नु,

ग) वेदकालीन समाजमा प्रचलित राजनैतिक, शैक्षिक, धार्मिक व्यवस्था के कस्ता थिए पत्ता लगाउनु ।

## अध्ययनको सीमाङ्कन

वेदकालीन सामाजिक व्यवस्थाका सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक, धार्मिक व्यवस्थाको अध्ययनमा मात्रै केन्द्रित भई निष्कर्षमा पुग्नु नै अध्ययनको सीमा हो । मूलतः वेदकालीन व्यवस्थाका उल्लेखित पक्षहरूको सैद्धान्तिक दृष्टिले अध्ययन र खोजी गर्नु नै यस आलेखको सीमाङ्कन हो ।

## पूर्वकार्यको समीक्षा

वेदकालीन सामाजिक व्यवस्थाको अध्ययन शीर्षकमा थुप्रै समीक्षा र समालोचना प्रकाशित भएका छन् । समीक्षक तथा समालोचकहरूले यस शीर्षकमा विविध कोणबाट आफ्ना मत अघि सारेका छन् । यही शीर्षक विशेषमा केही समालोचना र समीक्षा प्रस्तुत भएका छन् भने यस शीर्षकका बारेमा धेरै पुस्तकमा समेत चर्चा गरिएकाले पुस्तक तथा समालोचनात्मक लेखमा चर्चा गरिएको समीक्षालाई यस लेखको पूर्वकार्यको समीक्षाको रूपमा लिइएको छ :

वेदमा के छ ? (प्रपन्नाचार्य, २०५०) पुस्तकमा वेदकालीन सामाजिक व्यवस्थाका पाटाहरूलाई सूक्ष्म रूपमा चर्चा गरिएको छ । तत्कालीन समयमा यस भारतीय वर्षमा बसेका आर्य समाजका सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, शैक्षिक, पेशागत जीवनका फरक पाटाहरूले केलाइएको छ । वेदमा वर्णित व्यवस्थाकै आधारमा सामाजिक जीवन नियमन, निर्देशन भएको कुरा उल्लेख गरिएको छ ।

'पूर्वीय सोच र स्रोत' शीर्षकको अनुसन्धानमूलक लेखमा डिल्लीराम गौतम लेख्छन् पूर्वीय आर्य सभ्यता सञ्चालनको आधार वेद हो । वैदिक समाजमा वेदमा उल्लेखित कुराको आधारमा आर्थिक, सामाजिक प्रणाली गतिशील बनेको देखिन्छ । गुरु शिष्य परम्परामा आधारित भई शैक्षिक प्रणाली सञ्चालित थियो भने कृषि र पशु पालन नै अर्थोपार्जनका आधार थिए । वर्ण व्यवस्थालाई समेत आत्मसाथ गरिएको देखिन्छ भने हिन्दु सनातन धर्म थालना गरिन्थ्यो भनी उल्लेख गरेका छन् (पृ. ९२) ।

वेदकालीन समाज (ज्ञानी, १९९७) शीर्षकको पुस्तकमा वेदकालीन समाजको भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक तथा सामाजिक पक्षका बारेमा ज्ञानीले विस्तृत चर्चा गरेका छन् । सिन्धुघाटी सभ्यता हुँदै फैलिएको भनिने आर्य सभ्यताका आयमबारे समेत सूक्ष्म अध्ययन गरेका छन् ।

'सन्तान प्राप्तिको उपाय र वेदकालीन सांस्कृतिक परिवेश' शीर्षकको लेखमा शुक्रराज अधिकारीले लेख्छन् वेदकालीन समयमा प्रचलित सामाजिक संरचनाले अन्य प्रणालीलाई निर्देश गरेको थियो । पशुपालन मुख्य आम्दानीको स्रोत मानिन्थ्यो भने पितृसत्तात्मक सोच परिवारमा पाइन्थ्यो । वौदिक सनातन धर्मलाई अवलम्बन गरिन्थ्यो । परिवारमा छोराको उपस्थितिलाई विशेष रूपमा अपेक्षित थियो । अन्य वेदकालीन समयका सामाजिक जीवनका पाटाहरूमा आधारित भई समीक्षा प्रस्तुत गरिएको पाइन्छ ।

वेदको परिचय शीर्षकको पुस्तकमा सुदर्शन जोशीले वेदकालीन सामाजिक व्यवस्थाका विभिन्न पक्षहरूले उल्लेख गरेका छन् । तत्कालीन अवस्थामा प्रचलित सामाजिक, सांस्कृतिक, शैक्षिक, धार्मिक जस्ता विविध सामाजिक जीवनका आयममा प्रचलित मान्यता प्रस्तुत गर्दै धार्मिक आस्था, शैक्षिक चेत, अर्थोपार्जनका स्रोत आदिका बारेमा उक्त पुस्तकमा चर्चा गरेका छन् ।

देवी सुवेदीले मदनमणि दीक्षितको ऋग्वदेमा समवेत पर्यावरण (२०७०) नामक पुस्तकको भूमिकामा यो पुस्तक पर्यावरणको खोजीमा प्रस्तुत गरिएको सूक्त र मन्त्रहरूको आकलन पनि हो । यसमा दीक्षितको विशेषता चाहिँ विश्व पर्यावरण सम्बन्धी प्राचीन र युगीन खोज हो । विशाल र घना जंगलभित्र पसेर आधुनिक मानव जगत्सँग सम्बन्धित सूक्ष्म विषयहरूको खोजी गर्न र तिनको पहिचानमा प्रयत्नशील रहनु जस्ता कार्य कम चुनौतीपूर्ण होइनन् भनेका छन् । उनको यस किसिमको विवेचनाबाट मदनमणि दीक्षितको उक्त पुस्तक पर्यावरणीय अध्ययनका सन्दर्भमा उपयोगी देखिन्छ ।

लुइँटेल तिलकप्रसादले ऋग्वेद सहिता (२०७७) शीर्षकको अनुवाद ग्रन्थमा ऋग्वेदको नेपाली अनुवाद गरी ऋग्वेदको सम्पूर्ण सार प्रस्तुत गरेका छन् । त्यसक्रममा ऋग्वेदमा प्रयुक्त जैविक, प्राकृतिक र सांस्कृतिक पर्यावरण तथा हिन्दू धार्मिक वैदिक परम्पराको विषयमा चर्चा गरिएको छ। यसको साथै देवस्तुति र प्राचीन आर्य समाजमा त्यसले पारेको प्रभाव तथा ऋग्वेदको वास्तविक अर्थ, सार र सन्देश समावेश गरिएको हुनाले ऋग्वेदमा प्रयुक्त पर्यावरणीय सन्दर्भको अध्ययनका लागि उक्त कृतिलाई उपयोगी मान्न सकिन्छ ।

यी उल्लिखित समीक्षाका आफ्नै किसिमका सीमा रहेका छन् । कतिपय शीर्षकमै केन्द्रित छन् भने कतिपय शीर्षकको सम्बद्ध भएर समीक्षा प्रस्तुत गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत लेख प्राज्ञिक अनुसन्धान विधिमा आधारित छ । यस लेखको तयारीका क्रममा पुस्तकालय अध्ययन विधिका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । वेद र वैदिक ग्रन्थलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ भने पत्रपत्रिकामा प्रकाशित सामग्रीलाई द्वितीयक सामग्री मानेर सामग्री सङ्कलन गरिएको छ । वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।

## अध्ययनको उपयोगिता तथा महत्त्व

वेदकालीन सामाजिक व्यवस्थाको अध्ययन शीर्षकमा केही खोजी तथा अध्ययन भए तापनि यस बारेमा विस्तृत अध्ययन अनुसन्धान आवश्यक भएकाले यसको अध्ययनीय महत्त्व रहेको छ। शोधार्थी, अनुसन्धानकर्ता एवम् अध्यापक समेतले वेदकालीन सामाजिक व्यवस्थाबारे जानकारी हासिल गर्नु आवश्यक भएकाले यस अध्ययन उपयोगी देखिन्छ । कस्तो सामाजिक, आर्थिक प्रणाली विद्यमान थिए ? पूर्वीय आर्य सभ्यतामा कस्ता व्यवस्था कायम थिए र तिनको कस्तो प्रभाव परेको थियो जस्ता पक्षमा विस्तृत ज्ञान आर्जनका लागि समेत यो अध्ययनको महत्त्व रहन्छ र उपयोगिता रहन्छ।

## सैद्धान्तिक आधार

सामाजिक व्यवस्था समाजशास्त्रीय अध्ययनको महत्त्वपूर्ण आधार हो । यसले समाजमा विद्यमान विभिन्न प्रकारका सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक, सांस्कृतिक र राजनीतिक अवस्थाका विषयमा गहन अध्ययन विश्लेषण गर्दछ । मानिस सामाजिक प्राणी भएको नाताले हरेक प्रकारका सामाजिक कार्यहरूमा प्रत्यक्ष वा परोक्ष रूपमा उसको सम्बन्ध कायम रहन्छ। साहित्य समाजको दर्पण हो। साहित्यले समाजको प्रतिबिम्बन गर्दछ भन्ने समाजशास्त्रीय दृष्टिकोण र मान्यताका आधारमा कुनै पनि कृतिमा लेखकले भोगेको अनुभव र अनुभूति समेटिने कुरा स्पष्ट हुन्छ। यही मान्यताका आधारमा कृतिको मूल्याङ्कन गर्दा तत्कालीन समाजको वस्तुस्थिति अनुसार गरिनु पर्दछ भन्ने सिद्धान्तलाई नै समाजशास्त्रीय दृष्टिकोण भनिन्छ। पाश्चात्य जगत्मा हिप्पोलाइट टेनद्वारा विकसित यस सिद्धान्तले नेपाली साहित्यमा समेत गहिरो प्रभाव पारेको छ । अतः यहाँ वेदनकालीन सामाजिक व्यवस्थाको निम्न लिखित शीर्षकमा आधारित भई अध्ययन गरिएको छ :

## सामाजिक व्यवस्था

वेदकालीन समाजको सामाजिक व्यवस्था धार्मिक, आध्यात्मिक र नैतिक चेतनामा आधारित थियो। सामाजिक मर्यादाका पालना गर्नु तथा देवस्तुतिमा रमाउनु उनीहरूको दैनिकी जस्तै हुन्थ्यो । वेदकालीन समाजका मानिसहरू सामाजिक व्यवस्थाको पूर्ण रूपमा पालना गर्दथे। वैदिक विश्वास र सम्मानजनक व्यवहार तथा धर्म संस्कृतिको संरक्षण उनीहरूको प्रमुख कर्तव्य हुन्थ्यो। यसले समाजमा एक प्रकारको असल शासन व्यवस्था कायम गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। आतिथ्य सत्कार, धर्मकर्म, पापपुण्य र आत्मा–परमात्मा सम्बन्धी विचार र चिन्तनका विषयमा बहस र छलफल हुने गर्दथ्यो। नारीलाई असल गृहिणीका रूपमा लिने र पुरुषलाई वेदादि धर्मदर्शनका विषयमा अध्ययन गर्ने ज्ञाताका रूपमा लिने प्रचलन थियो। मानिसले गर्ने कार्यका आधारमा वर्ग निर्धारण गर्ने प्रचलन थियो। कसैले सामाजिक आचरण र व्यवहारको उल्लङ्घन गरेमा उसलाई सामाजिक बहिस्कार गर्ने तथा उसको इज्जत प्रतिष्ठामा दाग लाग्दथ्यो । वैदिक समाजका मानिसहरू वचनका पक्का हुन्थे। उनीहरू वचनको हारलाई जीवनको असफलता मान्दथे। यसरी वेदकालीन सामाजिक व्यवस्था अगाडि बढेको थियो भन्ने प्रमाण हाम्रा धर्मशास्त्रहरूमा उल्लेख गरिएको छ।

## आर्थिक व्यवस्था

समाज सञ्चालनको अर्को महत्त्वपूर्ण पक्ष आर्थिक व्यवस्था हो । यसले मानिसको दैनिक व्यवहारलाई गतिशील तुल्याउँछ। वेदकालीन समाजको आर्थिक प्रणाली निर्वाहमुखी जीवन प्रणालीमा आधारित थियो। मानिसहरूमा लोभ, मोह, स्वार्थ र ईर्ष्याको भावना थिएन । जसको कारण उनीहरू सादा जीवन र उच्च विचारमा विश्वास गर्दथे । धनलाई भन्दा ज्ञानलाई उच्च प्राथमिकता प्रदान गरिन्थ्यो। मानिसहरू आफूलाई प्राप्त वस्तुमा सन्तुष्ट हुन्थे। भाग्यवादमा विश्वास गर्ने चलन थियो। कृषि र पशुपालन नै जीवन निर्वाहको मुख्य आधार थियो। हिताहार, ऋताहार र मिताहारले गर्दा मानिसहरू स्वस्थ र निरोगी थिए। जप, ध्यान, तप, योग, साधना आदिले गर्दा उनीहरूको चिन्तन अध्यात्मवादी थियो। भौतिक धन सम्पत्ति र भोगविलाशलाई उनीहरू त्यति महत्त्व दिँदैनथे। यसको प्रत्यक्ष प्रभाव आर्थिक व्यवस्थामा परेको थियो। उनीहरू आर्थिक प्रभावमा भन्दा

पनि धार्मिक प्रभावमा बढी केन्द्रित थिए। सेवा नै धर्म हो र दान नै धर्म हो भन्ने सिद्धान्तलाई सर्वोपरी ठानेर मानिसहरू सेवा कर्ममा समर्पित थिए। उनीहरूमा कुनै प्रकारको लोभ लालच थिएन। यही कारणले गर्दा वैदिक समाजमा आर्थिक व्यवस्थाले त्यति ठूलो प्रभाव पारेको थिएन।

### सांस्कृतिक व्यवस्था

वेदकालीन समाजमा संस्कृति र परम्परालाई समेत विशेष महत्त्व दिइन्थ्यो। तत्कालीन समाजमा मान्यजनप्रतिको आदर र सम्मानको भाव तथा अनुजहरूप्रतिको दया र मायाको भावना विकसित थियो । नीतिशास्त्र र धार्मिक मूल्य मान्यताहरूले विशेष महत्त्व प्राप्त गरेका देखिन्थे । उनीहरूको खानपान, रहनसहन, भेषभूषा, बोलीचाली, आचरण र व्यवहारमा नम्रपन झल्किन्थ्यो। विभिन्न प्रकारका धार्मिक आस्था र विश्वासजन्य मूल्य मान्यताहरू विकसित भएका थिए। चाडपर्व तथा त्यस सम्बन्धी नीतिनियमहरूले मान्यता प्रँप्त गरेका थिए। संस्कार विनाको मानिसलाई पशु समान व्यवहार गर्ने प्रचलन थियो । देवपूजन, जप, ध्यान लगायतका कार्यहरूलाई दैनिक कार्य र नित्य आचरणका रूपमा लिने प्रचलन थियो । मानिसले धर्म, अर्थ, काम र मोक्ष प्राप्तिलाई जीवनको सबैभन्दा ठूलो उपलब्धिका रूपमा लिने गर्दथ्यो। गौहत्या, स्त्रीहत्या र ब्राम्हण निन्दालाई ठूलो अपराध मानिन्थ्यो । गाईलाई लक्ष्मी माता, पृथ्वीलाई धर्ती माता तथा माता, पिता र गुरुलाई देवता समान पुज्ने प्रचलन थियो। सबैको उन्नति, प्रगति र कल्याणको कामना गरेर ठूला ठूला अनुष्ठान तथा सभा समारोहहरू आयोजना गरिन्थ्यो। वैदिक कालमा सभ्य, शिष्ट, मर्यादित र व्यवस्थित रूपमा संस्कृतिको अनुकरण गर्ने प्रचलन थियो।

### धार्मिक व्यवस्था

वैदिक कालमा धर्मलाई ज्यादै महत्त्वका साथ हेर्ने गरिन्थ्यो । धर्मलाई मानिसले आफ्नो आस्था र विश्वासको प्रतीकका रूपमा हेर्ने गर्दथे । धर्मले एक प्रकारको कानुनी शासन व्यवस्थाको मान्यता प्राप्त गरेको थियो। मानिसहरू धार्मिक नीति नियमहरूको अक्षरस पालना गर्दथे। मानिसका अनैतिक कार्यबाट छुटकारा प्राप्त गर्नको लागि पनि धर्मको शरणमा पर्नुपर्ने बाध्यकारी नीति नियम थियो । आफ्नो धर्मप्रति सबैजना प्रतिबद्ध थिए । तीर्थ, व्रत, जप, ध्यान, पूजा–आजा जस्ता कार्यहरू मानिसका दैनिक जस्तै भएका थिए। जसले धर्मको उल्लङ्घन गर्दछ त्यस्तो मानिस तल्लो दर्जामा गनिन पुग्दथ्यो । त्यसैले पनि मानिसहरू धर्मप्रति प्रतिबद्ध थिए। धर्म नै जीवनको सार हो। धर्म नै मानिसको इज्जत हो। धर्मले नै ज्ञान र मोक्ष प्राप्ति हुन्छ भन्ने खालका विभिन्न प्रकारका विश्वास कायम थिए । मानिसहरू धर्मलाई आफ्नो मूल मन्त्रका रूपमा जपेर बस्दथे। धार्मिक कार्य तथा अनुष्ठान आदिमा मानिसहरू केन्द्रित रहन्थे । धर्मको अपहेलना गर्नु महान् पाप हो भन्ने ठान्दथे जसले धर्मको उपेक्षा गर्दछ त्यो घोर नरकमा पर्दछ भन्ने मान्यता कायम थियो। यसरी वैदिक कालमा मानिसहरूले धर्मलाई सर्वोपरी महत्त्वको विषयका रूपमा हेर्दथे भन्ने कुरा स्पष्ट हुन्छ।

### शैक्षिक व्यवस्था

वेदकालीन समाजको मुख्य चिन्ता र चासो ज्ञान आर्जनको विषय अर्थात् शैक्षिक व्यवस्थामा थियो । वेदिक ज्ञानको प्रभावकारी व्यवस्थापन पद्धत्तिलाई पूर्वीय व्यवस्थापन रणनीतिको रूपमा पश्चिमी व्यवस्थापनसँग तुलनात्मक रूपमा गरेको अध्ययनले पनि वेदिक कालदेखि नै मनुस्यको मुख्य उद्देश्य ज्ञान आर्जन गर्नु रहेको पुष्टि हुन्छ (मिश्रा ए.के, २०२३) उनीहरू विभिन्न प्रकारका धर्मग्रन्थ र पौराणिक सन्दर्भहरूको गहन अध्ययन अनुसन्धानमा समय खर्च गर्दथे। नीतिशास्त्र र अध्यात्म दर्शन तथा ज्ञान विज्ञान र योग दर्शनका विषयमा मानिसहरू बढी केन्द्रित रहन्थे। नारीलाई भने तत्कालीन समाजले शैक्षिक ज्ञान आर्जनमा उपेक्षा गरेको थियो। पुरुष वर्गलाई ज्ञान आर्जनका आधारमा उसको सामाजिक इज्जत र प्रतिष्ठा कायम गरिन्थ्यो । विभिन्न प्रकारका ऋषि महर्षि तथा ज्ञाताहरूका प्रवचन सुन्ने र शिक्षा ग्रहण गर्ने परम्परा कायम थियो । जसले धर्मशास्त्र र ज्ञानगुनका कुराहरू जान्दथ्यो त्यस्ता मानिसहरू समाजमा सम्मानित जीवन यापन गर्न सक्षम हुन्थे। शिक्षा र शास्त्रको ज्ञान नभएका मानिसहरू तल्लो दर्जामा गनिन्थे। उनीहरूलाई समाजले उपेक्षाको नजरले हेर्ने गर्दथे। जो ज्ञानी छ उसको सर्वत्र चर्चा परिचर्चा हुने गर्दथ्यो ज्ञानी मानिस नै समाजको भद्र भलाद्मी नागरिक कहलिन्थ्यो। अज्ञानीहरू शारीरिक श्रमयुक्त कार्यहरूमा संलग्न रहन्थे। उनीहरूको सामाजिक हैसियत कमजोर गनिन्थ्यो। त्यसैले मानिसहरू ज्ञान आर्जनमा बढी केन्द्रित रहन्थे । अतः वेदकालीन समाजमा शैक्षिक व्यवस्थालाई सर्वोपरी महत्त्वको विषयका रूपमा हेर्ने प्रचलन थियो भन्ने कुरा स्पष्ट हुन्छ। जो शिक्षित छ उसैको मान, सम्मान र इज्जत प्रतिष्ठा बढ्नुको पनि यस कुरालाई प्रमाणित गर्दछ।

### राजनीतिक व्यवस्था

वेदकालीन समाजमा राजनीति पनि धर्म नीतिमा आधारित थियो। धर्मशास्त्रमा उल्लेख गरिएका महत्त्वपूर्ण

नीति नियमहरू तथा सिद्धान्तहरू नै राज्य सञ्चालनका मूल आधार बन्दथे। राज्यका नीति नियमहरूप्रति जनताको पूर्ण आस्था र विश्वास थियो। राज्यप्रति जिम्मेवार रहनु पर्दछ भन्ने सकारात्मक चिन्तन र सोचको विकास भएको थियो। राज्यका नीति नियमको पालना नगर्नेलाई कठोर दण्ड सजायँ दिने प्रचलन थियो। अपराधीलाई पनि भौतिक कारवाही नगरी नैतिक रूपमा पतित गराउने प्रचलन थियो। चोरी डकैती तथा धर्म संस्कृतिको उल्लङ्घन गर्नेलाई सामाजिक वहिष्कार गर्ने प्रचलन कायम थियो। राज्यले सबै नागरिकहरूलाई समान व्यवहार गर्ने तथा न्यायपूर्ण समाजको स्थापनामा जोड दिने गर्दथ्यो। युद्धजन्य अपराधहरूमा समेत नैतिक अनुशासनको पालना गर्नु पर्दथ्यो। जसले राज्यका नियमको उल्लङ्घन गर्दछ त्यस्तो मानिस घोर अपराधी ठहरिन्थ्यो। यसरी वैदिक कालको राजनीतिक व्यवस्था धर्मशास्त्र र नीतिशास्त्रमा आधारित थियो भन्ने कुरा स्पष्ट हुन्छ।

## निष्कर्ष

वेद हिन्दू धर्मशास्त्रको महान् ग्रन्थ हो। यसलाई सनातनीय धर्म संस्कृतिको मूल आधारस्तम्भ मानिन्छ। विश्वकै सर्वप्राचीन धर्मग्रन्थका रूपमा परिचित वेदले लौकिक र अलौकिक जगत्का सम्पूर्ण विषयवस्तुहरूको ज्ञान प्रदान गर्दछ। पुरुषार्थ चतुष्टय अर्थात् धर्म, अर्थ, काम र मोक्ष प्राप्तिको लागि वेदलाई सर्वोपयुक्त ग्रन्थ मानिएको छ। शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष गरी वेदका प्रमुख ६ वटा अङ्कहरू रहेका छन्। ऋग्वेद वेदको सबैभन्दा महत्त्वपूर्ण शाखा हो। यसलाई सनातनीय धर्म संस्कृतिको मूल श्रोत पनि मान्न सकिन्छ। यसमा देवताहरूको स्तुतिलाई विशेष महत्त्व प्रदान गरिएको छ। मानव जीवनको सार्थकता, आध्यात्मिक चेतना, समभाव तथा ज्ञान र आनन्द प्राप्तिलाई वेदको मूल सार मानिन्छ। यसरी वेदकालीन सामाजिक व्यवस्थामा धार्मिक, सांस्कृतिक, आर्थिक, शैक्षिक सांस्कृतिक र राजनीतिक व्यवस्थाले महत्त्वपूर्ण प्रभाव पारेको कुरा स्पष्ट हुन्छ। साहित्यको समाजशास्त्रीय अध्ययनले पनि साहित्यिक कृतिमा प्रयुक्त सामाजिक व्यवस्थाका विषयमा गहन अध्ययन विश्लेषण गर्दछ। अतः यस आलेखमा पनि खासगरी वेदकालीन सामाजिक व्यवस्थाका विविध पक्ष र पाटाहरूका विषयमा अध्ययन गरिएको छ। यसबाट वैदिक समाजमा पनि सामाजिक रूपान्तरण र परिवर्तनका पक्षमा केन्द्रित थियो भन्ने कुरा स्पष्ट हुन्छ।

## सदन्दर्भ सामग्रीहरू


अधिकारी, शुक्रराज (२०७७), सन्तान प्राप्तिको उपाय र वेदकालीन सांस्कृति परिवेश, नेप्लिज कल्चर, अङ्क १४: ८६–९४।

क्षेत्री, उदय (२०६४), इन्द्रबहादुर राईका कथामा सामाजिक अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर।

ज्ञानी, शिवदत्त (१९९७), वेदकालीन समाज, वनारस : चौखम्बा विद्या भवन।

जोशी, सुदर्शन (२०७४), वेद परिचय, काठमाडौं : गुडविल पब्लिकेसन प्रा.लि.।

दीक्षित, मदनमणि (२०७०), ऋग्वेदमा समवेत पर्यावरण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

प्रपन्नचार्य, स्वामी (२०५०), वेदमा के छ ?, ललितपुर : साझा प्रकाशन।

बराल, ऋषिराज (२०६३), उत्तर आधुनिकतावाद र समकालीन यथार्थ, काठमाडौं : प्रगतिशील साहित्य अध्ययन केन्द्र।

भट्टराई, गोविन्दराज (२०६१), आख्यानको उत्तर आधुनिक पर्यावलोकन, काठमाडौं : रत्न पुस्तक भण्डार।

रेग्मी, ऋषिराम (२०७३),वैदिक साहित्यको स्वरूप, ललितपुर : हिमवत् आर्ष प्रज्ञा।

रेग्मी, ऋषिराम (२०७३),वेदका अध्येता प्राचीन र अर्वाचीन विद्वान्हरू, ललितपुर : हिमवत् आर्ष प्रज्ञा।

लुइटेल, तिलकप्रसाद (२०७७), ऋग्वेद संहिता (अनु.) काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, मोहनराज (२०६६), सामकालीन समालोचना : सिद्धान्त र प्रयोग, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६२), पूर्वीय र पाश्चत्य साहित्य सिद्धान्त, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (२०६८), रत्न बृहत् नेपाली समालोचना, काठमाडौं : रत्न पुस्तक भण्डार।

Mishra, A.K., (2022). *A Reference Book on Comparative Assessment from the Eastern Approach*. Intellectual's Book Palace, Kirtipur, Kathmandu (978-9937-9523-9-2), 2022, https://ssrn.com/abstract=4229295